म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ८० २०८२ माघ २४ गते शनिबार 7 February 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

सामाजिक सञ्जालमा :
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउँने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरुको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमासमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, टयाग,ह्यास टयाग गर्नु हुँदैन ।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### जन्ती बस दुर्घटना

# मृतकको सख्या १३ पुग्यो, शोकमा डुबे लघुणाछा र भौनी गाउँ

बैतडी : बैतडी जिल्लामा जन्ती बोकेको बस बिहीबार साँझ ८ बजे दुर्घटनामा परी मृत्यु हुनेको संख्या १३ पुगेको छ । बिहीबार राती ८ जनाको मृत्यु पुष्टी भइसकेको थियो भने शुक्रबार बिहानसम्ममा मृत्यु हुनेको संख्या १३ पुगेको हो । बैझाङको वित्थडचिर गाउँपालिका-७, लघुणाछा र बैतडीको पुर्चौडी नगरपालिका-७ को भौनी गाउँ यतिबेला शोकमा डुबेका छन्। दुर्घटनामा परी ३४ जना घाइते भएका थिए। दुर्घटनामा मृत्यु हुने र घाइते हुनेहरु बेहुला र बेहुलीपट्टिका आफन्त र इस्टमित्र रहेका छन् ।

जन्ती बोकेको पवनदूत यातायातको सुप प्र ०२-००१ ख १११९ नम्बरको बस बिहीबार सडकबाट करिब २०० मिटर तल खसेको थियो । दुर्घटनामा ज्यान गुमाउनेहरुमा बझाङ बित्थडचिर गाउँपालिका-७ का ४० वर्षीय केशवराज जोशी, १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय बसन्त जोशी, ४१ वर्षीय विष्णुदत्त जोशी, ४२ वर्षीय नरेन्द्रराज जोशी, १८ वर्षीय विसनदत्त जोशी, २७ वर्षीय दीपकराज जोशी र ४५ वर्षीय किसनदत्त जोशी छन् । यसैगरी बझाङ केदारस्यु गाउँपालिकाका ६० वर्षीय मोहन देव भट्ट र केशवराज भट्ट, बझाङ जयपृथ्वी नगरपालिका-७ का ४० वर्षीय बसन्तराज रतला तथा बैतडी पुर्चौडी नगरपालिका-७ की ४० वर्षीया पुष्पा अवस्थी र १४ वर्षीय किशोर सुशील जोशीले दुर्घटनामा ज्यान गुमाएका छन् ।

घटनास्थलमै ६ जनाको, कोटिला स्वास्थ्य चौकीमा दुई जना र डडेल्धुरा अस्पताल ल्याउँदै गर्दा थप ५ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख डीएसपी दीपक रायले जानकारी दिए । घाइतेमध्ये २५ जनाको डडेल्धुरा अस्पतालमा उपचार भइरहेको छ । ५ जनालाई धनगढी रेफर गरिएको छ । ४ जनाको भने बझाङको देउलेख स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ ।

बस दुर्घटनामा सहोदर दाजुभाइ, भतिजा र छोरी ज्वाइसहित १३ जनाको मृत्यु भएको छ। दुर्घटनामा ज्यान गुमाउने नरेन्द्रराज जोशी र विष्णुदत्त जोशी सहोदर दाजुभाइ हुन् । उनीहरू बेहुलाका सहोदर काका हुन् । नरेन्द्रराज बित्थडचिर गाउँपालिकाका प्राविधिक सहायक हुन् भने विष्णुदत्त बित्थ्यडचिरकै महादेव माध्यमिक विद्यालयका शिक्षक हुन् । यसैगरी, घटनामा ज्यान गुमाउने वसन्तराज जोशी मृतक नरेन्द्रराज र विष्णुदत्तका माइलो दाजुको जेठा छोरा हुन् । वसन्तराज गाउँपालिकामा कृषि प्राविधिक पदमा कार्यरत थिए ।

घटनामा ज्यान गुमाउने बझाङको जयपृथ्वी नगरपालिका-७ का वसन्तराज रताला मृतक वसन्तराज जोशीका सहोदर भिनाजु हुन् भने मोहनदेव भट्ट र केशवराज भट्ट बुवा-छोरा हुन् । अन्य मृतक तथा घाइतेहरू पनि बेहुला र बेहुलीका आफन्त र इष्टमित्र नै परेका छन् । यस्तै, सोही दुर्घटनामा ज्यान गुमाउने १४ वर्षीय किशोर सुशील जोशी बेहुलीका भाइ हुन् ।

घटनामा बेहुलाका एक काकाको खुट्टा भाँचिएको छ भने ठूलो बुवा पनि घाइते भएका छन् । ज्यान गुमाउने बित्थडचिर ठेगाना भएका व्यक्ति एउटै गाउँका आफन्त र बाँकी इष्टमित्र रहेको बुझिएको छ । घटनामा ज्यान गुमाउनेमा बैतडीको पुर्चौडी-७ र बझाङको बित्थडचिरका बेहुला परिवारका आफन्त र इष्टमित्र हुन् ।

खुसी साट्न बिहेमा गएकाहरू कहिल्यै नफर्किने गरी अस्ताएपछि यतिबेला गाउँ शोकमा डुबेको बित्थडचिर गाउँपालिका-७ का वडाध्यक्ष दिनेश अधिकारीले बताए । 'हाम्रो वडाको लघुणाछा गाउँमा करिब १० वटा घर छन् । बस दुर्घटनामा परी मृत्यु हुने र घाइते हुनेहरू सोही गाउँका बढी छन् । धेरै आफन्त र इष्टमित्र छन्, गाउँ रोइरहेको छ,' वडाध्यक्ष अधिकारीले भने । हिजो दिनभर बिहेमा भोज खान आउने जन्तीहरुको सत्कारमा लागेका गाउँले आफन्तहरु यतिबेला शव कुर्ने र घाइतेको औषधि उपचारमा सहयोगीको भूमिकामा छन् ।

'हिजो दिनैभर सबै रमाइरहेका थियौं । बिहे घरमा आउने-जाने क्रम थियो । राति ८ बजे घटनाको जानकारी पाएपछि गाउँका सबै तितरबितर भयौं । अहिले अस्पतालमा कुरुवा बसेकी छु,' बित्थडचिर गाउँपालिका-७ की वडा सदस्यसमेत रहेकी परिमलीदेवी जोशीले भनिन् । जोशी अहिले घाइते श्रीमान्को कुरुवा बसेकी छिन् । खुसियाली साट्न नपाउँदै गाउँमा बज्रपात परेपछि आफूहरू कुरुवाको लागि अस्पताल दौडेको स्थानीय उमेशराज जोशीले बताए । 'गाउँका मानिसहरु समालिनसक्नु अवस्थामा छन् । हामी अस्पताल आइहाल्यौं । गाउँको अवस्था भनिनसक्नु छ,' जोशीले भने ।

*स्रोत : अनलाइनखबर ।*

### सोलिड्यारिटीको अभिभावक दिवस सम्पन्न

# शिक्षक, विद्यार्थी, पत्रकार सम्मानित




*अभिभावक दिवसको अवसरमा नृत्य गर्दै विद्यार्थी ।*

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीको ३३औं अभिभावक दिवस शुक्रबार मनाइएको छ । अभिभावक दिवसमा विद्यार्थीले उद्घोषण, नृत्य, नाटक, गायन कला प्रस्तुत गरेका छन् । सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका अध्यक्ष ऋषिराम आचार्यको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका निमित्त प्रमुख हरिशचन्द्र सापकोटाको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो ।

अभिभावक दिवसको अवसरमा विद्यालयले शिक्षक, विद्यार्थी र पत्रकार लाई सम्मान गरेको छ । 'उत्सवहरुको सम्बन्ध' मूलभावसहित मनाइएको अभिभावक दिवसमा सोलिड्यारिटीले हरेक वर्ष प्रदान गर्ने सोलिड्यारिटी शैक्षिक सम्मान-२०८२ बाट पत्रकार राममणि दाहाल सम्मानित हुनुभएको छ । उहाँलाई १० हजार नगदसहित सम्मान गरिएको हो । सोलिड्यारिटीले वर्ष शिक्षक सम्मान-२०८२ बाट मायादेवी छत्कुलीलाई सम्मान गरेको छ । वर्ष शिक्षक सम्मानसहित मायादेवीले मासिक तलब एक ग्रेड बराबरको तलब वृद्धि हुनेछ । वर्ष विद्यार्थीको सम्मान रियन ठाकुरले प्राप्त गर्नुभएको छ । यस्तै दोस्रो त्रैमासिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई ४ लाख ५० हजार बराबरको प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ ।

यसअघि सोलिड्यारिटीले कक्षा पूर्वप्राथमिक तह र कक्षा १ को अभिभावक दिवस माघ ६ गते, कक्षा-२ देखि ५ सम्मको अभिभावक दिवस माघ १५ गते आयोजना गरिएको थियो । कार्यक्रममा प्याब्सन केन्द्रीय उपाध्यक्ष आशिष श्रेष्ठ, मकवानपुर जिल्ला अध्यक्ष विनोद सुवेदीको पनि आतिथ्य रहेको थियो । अभिभावक दिवस समारोहसँगै विद्यालय परिसरमै कारखाना विज्ञान प्रदर्शनीको समेत आयोजना गरिएको थियो । प्रदर्शनीमा विद्यार्थीले विविध विषयमा प्रदर्शनी गरेका थिए । प्रदर्शनीको अतिथि तथा अभिभावकले अवलोकन गरेका थिए । १२ कक्षासम्म पठनपाठन हुने सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा १ हजार ६ सय विद्यार्थी अध्ययनरत छन् ।

# प्रारम्भिक बालशिक्षासम्बन्धी प्रदेशस्तरीय सम्मेलन सुरु



*सम्मेलनमा सहभागी शिक्षकहरु ।*

**समाज संवाददाता**

हेटौँडा : गुणस्तरीय प्रारम्भिक बालशिक्षा किन र कसरी ? भन्ने विषयमा बागमती प्रदेशस्तरीय सम्मेलन शुक्रबार हेटौँडामा सुरु भएको छ । काठमाडौंस्थित रातो बंगला फाउण्डेशन र हेटौँडास्थित नवोदय शिशु सदनको संयुक्त आयोजनामा भएको सम्मेलनमा प्रदेशका १३ वटै जिल्लाका शिक्षकको सहभागिता रहेको छ ।

सम्मेलनको पहिलो दिन शुक्रबार प्रमुख वक्ता रातो बंगला फाउण्डेशनकी अध्यक्ष डा. शान्ता दीक्षितको प्रस्तुती रहेको थियो भने प्रारम्भिक बालशिक्षासम्बन्धमा प्यानल छलफल भएको छ । डा. दीक्षितको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन कार्यक्रम भएको हो । उद्घाटन समारोहमा डा. दीक्षितले बालशिक्षामा ध्यान दिनुपर्ने आवश्यकता र नेपालको सन्दर्भमा भइरहेका अभ्यासका विषयमा बताउनुभयो ।

रातो बंगला फाउण्डेशनकी कार्यकारी निर्देशक एलिना सुब्बाले सहजीकरण गर्नुभएको प्यानल छलफलमा डा. दीक्षित, काठमाडौं विश्वविद्यालयकी अतिथि प्राध्यापक बालविकास शिक्षा विज्ञ डा. मिनाक्षी दाहाल, हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक किशोर पराजुली, नवोदय शिशु सदनका प्रिन्सिपल दिपेश जोशी सहभागी हुनुहुन्थ्यो । प्रदेशका १३ वटै जिल्लाका शिक्षकको प्रतिनिधित्व रहेको सम्मेलनमा मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकको उल्लेख्य सहभागिता रहेको थियो । सम्मेलनको दोस्रो दिन आज शनिबार बालशिक्षाका सन्दर्भमा विभिन्न शीर्षकमा रहेर छलफल तथा कार्यशालाको आयोजना हुनेछ ।

# लागूऔषध नाइट्राजेपामसहित दुई जना पक्राउ

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-१०, बुद्धचोकबाट मकवानपुर प्रहरीले लागूऔषध नाइट्राजेपामसहित दुई जनालाई पक्राउ गरेको छ । बिहीबार साँझ ६ बजेर ५० मिनेटको समयमा विशेष सूचनाको आधार मा वडा प्रहरी कार्यालय हेटौँडाबाट खटिएको प्रहरी टोलीले बुद्धचोक क्षेत्रमा शंकास्पद रूपमा पैदल हिँडिरहेका दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।


पक्राउ पर्नेमा पर्सा जिल्ला धोविनी गाउँपालिका-४ घर भई हाल हेटौँडा-१ मा डेरा गरी बस्ने १९ वर्षीय मनिष गुप्ता र १९ वर्षीय विजय सहनी रहेका छन् । प्रहरीले उनिहरुको साथबाट लागूऔषध नाइट्राजेपाम ५ सय ७० पिस ट्याबलेट फेला परेको जनाएको छ । बरामद लागूऔषधसहित दुवै जनालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिई गुप्ता र सहनीलाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।



# 'कदम' उपन्यासको विश्लेषण



**रजनी पौडेल**




नेपालका आदिवासी, वनका मूल बासिन्दा राउटे जातिको अस्तित्व र संघर्षको कथा हो अनन्त वाग्लेको कदम उपन्यास ।

खोज पत्रकारिताको शैलीमा लेखिएको यस उपन्यासका मुख्य पात्र कदम कल्याल शाही हुन् ।

राउटे समुदायबाट माथि उठेर एक कदम अगाडि पाइला सार्ने कोसिस गरेका उनै मुख्य पात्र कदमले आफ्नो राउटे समुदायभित्र बिताएका बाल्यकालीन् समय र देखे-भोगेका र झेलेका अनेकन चुनौति र राउटेहरुले बाँच्नकै लागि गरेका संघर्षको जीवन्त कथालाई कुनै लेखक पात्रलाई लेखिदिनका लागि आफ्नै कथा सुनाइरहेको विषयवस्तु यस उपन्यासभित्र पाइन्छ ।

नेपाल एक बहुसाँस्कृतिक, बहुभाषिक र बहुजातीय देश हो । यहाँ विभिन्न मातृभाषा, संस्कृति र परम्परा बोकेका १२५ भन्दा बढी आधिकारिक रूपमा मान्यता प्राप्त जातजाति बस्दछन् । यीमध्ये आदिवासी जनजातिहरूको पृथक पहिचान, इतिहास र अस्तित्वको कथा निकै महत्वपूर्ण छ । यसै आदिवासी जनजातिहरूमा एक रहस्यमय, अनौठो र लोपोन्मुख जीवनशैली बोकेको समुदाय हो, 'राउटे' जाति । वनमा निर्भर, घुमन्ते जीवन बिताउने राउटेहरू नेपालका वास्तविक आदिवासी मानिन्छन्, जसको इतिहास, संस्कृति र वर्तमान अस्तित्व नेपाली सामाजिक ढाँचाको एक जटिल र महत्वपूर्ण पाटो हो ।

### पहिचान र उत्पत्ति : किंवदन्ती र वास्तविकता

राउटेहरू आफूलाई 'राजी' भन्ने गर्छन्, जसको अर्थ 'राजा' वा 'महान' भएको दावी गरिन्छ । उत्पत्ति सम्बन्धी ऐतिहासिक प्रमाण भने अत्यन्त सीमित छ । राउटेहरूको मौखिक परम्पराअनुसार उनीहरू मध्यकालीन राजपुताना (राजस्थान, भारत) बाट नेपाल आएका हुन् भन्ने विश्वास छ । केही मान्यताअनुसार चितौडगढ दुर्ग पतनपछि (१३०३ इस्वीमा अलाउद्दीन खिल्जीद्वारा) वा पानीपतको युद्ध (१५६८) पछि राजपूतहरू नेपाल टाढा भएको र तिनमध्ये केही जंगलमा लुकेर बसोबास गरेका हुन् भन्ने किम्वदन्ती छ । अर्को तर्क अनुसार, उनीहरू नेपालको मध्य पहाडी क्षेत्रका मूल निवासी वनवासी हुन्, जो पछि विस्थापित भएर जंगलमा घुमन्ते जीवन अपनाए । भाषिक अध्ययनले राउटे भाषालाई इन्डो-आर्यन भाषा परिवारको चामलाङ्ग रोड (कर्णाली प्रदेश) को केन्द्रीय पहाडी भाषासँग मिल्दोजुल्दो देखाउँछ, जसले उनीहरूको दीर्घकालीन नेपालमै बसोबासको सम्भावना जनाउँछ । यी सबै कुराले राउटेहरूको उत्पत्ति रहस्यमय बनाउँछ ।

### २. जीवनशैली : वनमा आश्रित घुमन्ते समुदाय

राउटेहरूको जीवनशैली नै उनीहरूको पहिचान हो । उनीहरू स्थायी रूपमा कुनै गाउँ वा सहरमा बस्दैनन् । एक वन क्षेत्रको स्रोत सकिएपछि अर्को वन क्षेत्रतिर सरेर बस्ने उनीहरूको परम्परागत जीवनयापनको मुख्य आधार काष्ठकला (बढीकाम) र शिकार हो । राउटेहरू कुटीर उद्योगका उत्कृष्ट धनी हुन् । उनीहरूले जंगलबाट काठ (विशेषगरी साल र अन्य काठ) ल्याएर हातले विभिन्न प्रकारका लकडीका वर्तन (दौरा, थाली, करुवा, ढकनी, चम्चा, गेडा, मुढा आदि) बनाउँछन् । यी सामानहरू नजिकैको बजारमा बेचेर वा स्थानीय मानिसहरूसँग अन्न, कपडा, ढुंग्रो आदि वस्तु विनिमय गरेर उनीहरू जीवन निर्वाह गर्छन् । उनीहरूको यो कला निकै नै निखिल्ट र परिष्कृत मानिन्छ । यसैगरी, उनीहरू साना-ठूला वन्यजन्तु (मृग, खरायो आदि) शिकार गर्छन् र जङ्गली कन्दमूल फलफूल खान्छन् । उनीहरूको आवास अस्थायी घर (झुपडी) हुन्छ, जुन बाँस, घाँस र कपडाले बनेको हुन्छ र सजिलैसँग खसालेर सार्न सकिन्छ ।

### ३. सामाजिक संरचना र धार्मिक विश्वास

राउटे समाज पितृसत्तात्मक छ । समुदायको नेतृत्व 'मुखिया' वा 'नायक' गर्छन्, जो आफ्नो अनुभव, ज्ञान र निर्णय क्षमताले समुदायलाई निर्देशन दिन्छन् । विवाह समुदाय भित्रै हुने गर्छ । बहुविवाह प्रचलन पनि देखिन्छ । उनीहरूको आफ्नै पृथक भाषा छ, जसलाई 'राउटे भाषा' भनिन्छ । यो भाषा आफैंमा एउटा भाषिक सम्पदा हो । धार्मिक दृष्टिले, राउटेहरू प्रकृतिपूजक हुन् । उनीहरू वन, पहाड, नदी, सूर्य, चन्द्र आदिलाई देवता मान्दछन् र पूजा गर्छन् । वनका देवता ('वनराजा' वा 'वनदेवी') को उनीहरूले विशेष पूजा गर्छन् । हिन्दु धर्मका देवीदेवतालाई पनि उनीहरूले आदर गर्छन्, तर त्यसलाई आफ्नो परम्पराबाट नै जोडेर । शवदाह गर्ने चलन छ, मृत्यु पछिको कर्मकाण्ड आफ्नै रीतिथितिले गर्छन् । उनीहरूको जीवनचक्र संस्कार (जन्म, विवाह, मृत्यु) सामूहिक रूपमा मनाइन्छ ।

### ४. लोपोन्मुख अस्तित्व र चुनौतीहरू

आज राउटे समुदाय गम्भीर संकटमा छ । उनीहरूको अस्तित्व र पहिचानलाई धेरै चुनौतीहरूले घेरेको छ :

- वनको ह्रास र कानूनी प्रतिबन्ध : राउटेहरूको जीवन वनमा निर्भर छ । तर वनको कटान, राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष क्षेत्र घोषणा र वन स्रोतमाथि प्रतिबन्धले उनीहरूको परम्परागत जीवनयापन प्रणालीलाई गम्भीर रूपमा प्रभावित पारेको छ । शिकारमा प्रतिबन्धले उनीहरूको प्रोटीनको मुख्य स्रोत बन्द भएको छ ।

- बजार अर्थतन्त्र र आधुनिकताको दबाव : प्लास्टिक र धातुका सस्ता भाँडा-वर्तनले काठका भाँडाकुँडाको बजार सानो पारिदिएको छ । यसले उनीहरूको आयको मुख्य स्रोत नै सङ्कुचित बनाएको छ ।

- सामाजिक भेदभाव र हेला : घुमन्ते जीवनशैलीका कारण उनीहरूलाई स्थायी समुदायले हेप्ने, 'असभ्य' ठान्ने र सामाजिक रूपमा पृथक् पार्ने प्रवृत्ति देखिन्छ । उनीहरूलाई शिक्षा र स्वास्थ्य जस्ता मौलिक सेवाबाट पनि वञ्चित रहनु परेको छ ।

- जनसंख्याको सानो आकार र विलय हुनसक्ने भय : नेपालमा राउटे जनसंख्या मात्र ६०० देखि १५०० को बीच मानिन्छ । यस्तो सानो समुदायलाई साँस्कृतिक र भाषा लोपको खतरा छ । नयाँ पुस्ताका केही राउटे युवाहरू आफ्नो परम्परागत जीवन छाडेर स्थायी बसोबास र अन्य व्यवसायतिर आकर्षित हुँदैछन् ।

- राज्यको नीति र मान्यता : राउटेहरूलाई नेपाल सरकारले आधिकारिक रूपमा 'अति पिछडिएको आदिवासी जनजाति' को रूपमा मान्यता दिएको छ । तर, यो मान्यताले उनीहरूको विशिष्ट घुमन्ते पहिचानलाई समेट्ने र संरक्षण गर्ने ठोस कानूनी र व्यवहारिक उपायहरू अपर्याप्त छन् ।

### ५. संरक्षण र सशक्तिकरणका प्रयास

राउटेहरूको संस्कृति र अस्तित्व बचाउन विभिन्न स्तरमा प्रयासहरू भइरहेका छन् :

- सामुदायिक संगठन : राउटे समुदायका नैतिक नेताहरू आफ्नो अधिकार र पहिचानको लागि आवाज उठाउँदै आएका छन् ।

- गैरसरकारी संस्था (एनजीओ) र अनुसन्धान : केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले राउटेहरूको जीवनशैली, भाषा र संस्कृतिको अध्ययन, प्रलेखन र संरक्षणका लागि काम गरिरहेका छन् ।

- सरकारी योजना : सरकारले विशेष शिक्षा, स्वास्थ्य सेवा, आयमूलक क्रियाकलाप विकास र सामाजिक सुरक्षाका केही योजनाहरू सुरु गरेको छ । तर, यी योजनाहरू धेरै जसो स्थायी बसाइसराइमा आधारित छन्, जसले उनीहरूको घुमन्ते पहिचानलाई नजर अन्दाज गर्न सक्छ ।

- वैकल्पिक आयस्रोत : राउटेहरूको काष्ठकलालाई संरक्षण गरी बजारसम्मको पहुँच बढाउने, इको-टुरिज्मसँग जोड्ने जस्ता प्रयासहरूको चर्चा छ ।

### ६. कला पक्ष र आख्यानीकरणको कमजोरी :-

कदम उपन्यासभित्र आख्यानीकरण कम र सैद्धान्तिकीकरण ज्यादा पाइन्छ । 'कदम' उपन्यासको आख्यान पक्षमा घटनाक्रमको शिथिलता, पात्रमा देखिएको सामाजिक एवम् मानसिक द्वन्द्वको कमजोरी देखिन्छन् । यद्यपि यसको विचार पक्ष र सामाजिक सन्देश बलियो भए पनि आख्यानलाई अझ कसिलो र गतिशील बनाइएको भए उपन्यास अझ प्रभावशाली बन्न सक्थ्यो ।

### ७. निष्कर्ष : भविष्यको बाटो

राउटे जाति नेपालको साँस्कृतिक विविधताको एक जीवन्त, तर लोपोन्मुख गौरव हो । उनीहरूको जीवन प्रकृति र मानवबीचको सामञ्जस्य, स्थिरताभन्दा स्वतन्त्रतालाई प्राथमिकता र आत्मनिर्भरताको एउटा ज्वलन्त उदाहरण हो । राउटेहरूको भविष्य उनीहरूको 'घुमन्ते पहिचान' लाई मान्यता दिएर संरक्षण गर्ने र आधुनिक चुनौतीहरू (शिक्षा, स्वास्थ्य, आर्थिक सुरक्षा) सामना गर्न सक्ने सन्तुलित मार्ग खोज्नुमा निर्भर गर्दछ । यसमा राज्य, नागरिक समाज र राउटे समुदाय आपसमा सहकार्य गर्नु जरुरी छ । उनीहरूलाई 'विकास' को नाममा जबरजस्ती स्थायी बनाउने होइन, तर उनीहरूको अधिकार, गौरव र आत्मनिर्णयलाई कायम राख्दै जीवनका आधारभूत आवश्यकताहरू पूरा गर्न सहयोग गर्नुपर्छ । नेपालको राष्ट्रिय पहिचान त्यसबेला मात्र समृद्ध हुन्छ, जब यसको सबैभन्दा सानो, तर ऐतिहासिक रूपमा महत्वपूर्ण समुदाय जस्तै राउटेहरूको आवाजलाई सुनिदिएर उनीहरूलाई पनि आधुनिक मानव समाजमा प्रतिष्ठापित गराउन सक्नुपर्छ ।

समग्रमा भन्नुपर्दा कदम उपन्यास राउटे जातिको इतिहास, पहिचान, संस्कार र परम्परालाई जोगाई राख्न सक्ने एक ऐतिहासिक दस्तावेज हो । यस पुस्तकले भन्न खोजेको कुरा निचोडमा भन्नुपर्दा राउटे जातिहरूको जे अस्तित्व छ उनीहरुलाई बचाई राख्नका लागि आधुनिक समाजमा प्रवेश गराउँदै उनीहरूको कला, भाषा, धर्म र पहिचानलाई यथावत राख्न सहयोग पुऱ्याई शिक्षा, स्वास्थ्य, रोजगारी र आधारभूत आवश्यकताहरूको अधिकार प्राप्ति र प्रयोगका लागि पहल गर्नुपर्छ भन्ने नै हो ।

*(पौडेल साहित्य संगम मकवानपुरको सचिव हुनुहुन्छ ।)*

## गर्न सक्छु म पनि



**सरन्या श्रेष्ठ**

कम छैन म पनि
गर्न सक्छु जे पनि
मौका देउ मलाई
पढ्छु लेख्छु म पनि ॥

सेता सेता पानामा
अक्षरका दानामा
कोर्न सक्छु म पनि
गर्न सक्छु जे पनि ॥

*कक्षा-१, कमाने एकेडेमी, हेटौंडा-८*

## गजल



**एवाइ प्रभात**

**मनको आँगनमा, फेरि सुनसान छ ।**
**तिम्रो सम्झना हावासँगै पहिचान छ ।**


**नयनभरि सपना, ओठमा मौन बसे,**
**नबोले पनि मायाले, सब बयान छ ।**

**रातको छायाले त, ढाकेको यो बाटोमा,**
**एक्लोपनसँग मेरो, पुरानो गान छ ।**

**भाग्यले लेखेन, हाम्रो एउटै कहानी,**
**तर यो दिललाई, अझै तिम्रै ध्यान छ ।**

*धनकुटा*

## चित्रकला





**दिपासना थापा**
**हेटौंडा-१०**

## मेरी हजुरआमा



**रश्मि घिमिरे**

मेरी हजुरआमा भन्दा प्यारो यहाँ कोही छैन
जहाँ गए पनि उहाँ जस्तो मलाई ख्याल राख्ने कोही छैन ॥

संसारमा सबैभन्दा माया गर्ने मेरी हजुरआमा
मिठा-मिठा कथा सुनाउने मेरी हजुरआमा ॥

जति गल्ती गरे पनि लुकाउने मेरी हजुरआमा
संसारमा सफलताको बाटो देखाउने मेरी हजुरआमा ॥

मेरो कुरा सधैं सुनिदिने मेरी हजुरआमा
म निराश हुँदा सधैं खुसी बनाउने मेरी हजुरआमा ॥

मलाई बाहेक अरु कसैलाई मन नपराउने मेरी हजुरआमा
मलाई सबैभन्दा हेरचाह गर्ने मेरी हजुरआमा ॥

मेरो अघि र पछि सधैं हिंडिरहने मेरी हजुरआमा
सपना सजाएर मलाई अघि बढ्न सिकाउने हजुरआमा ॥

*कक्षा-६, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

## श्री अनु-भूती



**जनार्दन खनाल**

साहित्य संस्था मध्येमा जेठो साहित्य संगम
साहित्यसेवीहरुका निम्ति यो अति उत्तम
सवल बन्दै यसको कोष आगामी दिनमा
यसले अझै प्रगति गरोस् साहित्य कार्यमा ॥

राष्ट्रिय साथै क्षेत्रीयस्तर विभिन्न विधाका
कविता अनि ति अन्य गोष्ठी गरिँदै आएका
हेनपा भित्र वडा नम्बर ४ नविन सिग्देल
अध्यक्ष उनी साहित्यप्रति गर्दैछन् असल ॥

श्री १९ नम्बर वडा हेनपा मध्येको
रहेको राम्रो श्री तपोवन धार्मिक क्षेत्र हो
वरण पर्या दिवस पनि रहेछ परेको
त्यही नै ठाउँ साहित्य गोष्ठी यसले गरेको ॥

पर्या र पर्यटनका साथ सम्बद्ध रचना
करिब पन्ध्र जनाको थियो, मधुर वाचन
श्री सभाध्यक्ष अध्यक्ष डिबी प्रमुख अतिथि
श्री घनश्याम निखिल भाइ बानियाँ श्यामजी ॥

पचास जना जतिको अहो र ओजनदारको
भएको उपस्थिति यो रह्यो साहित्यकारको
अनिता नानी समय पनि श्री पूण्य क्षेत्रमा
लिएर जानु भएको थियो सिर्जना गर्नमा ॥

उद्घोषणकर्ता मनोज भाइ स्वागत खनाल
उनको भाग पर्दछ सधैं मान्छे हुन् असल
विचरा सबै म्याडमहरु भान्सामा खट्नुभो
जानेले नौलो यो अनुभूति अवश्य गर्नु भो ॥

ठाउँ छ नौलो संगोष्ठी नयाँ प्राकृति काखमा
भएर गर्‍यौं सुन्दर कार्य उमँ साथमा
आजको कार्यक्रम यो भयो भव्यतापूर्वक
भएको हुँदा जीवनभरी सम्झनलायक ॥

*बकैया-४, छतिवन*
*९८४५२८७१०४*

## गाउँखाने कथा

**१. पातमै फल छ, पातैमा बल छ, रुख त्यसको हुँदैन, जति खाउँ–दिउँ बढ्दै जान्छ, कहिल्यै घट्दैन ।**
**• विद्या**

**२. हुँ म आँखा वरिपरी बस्ने तीन अक्षरको मैँया, पहिलो अक्षर झिक्दा तिर्खा मेट्छन दुनियाँ ।**
**• गाजल**

**३. हेर्दाखेरि रुवाजस्तो फुसुफुसु गर्ने, पहाडको चुलीतिर पत्रैपत्र पर्ने ।**
**• हिउँ**

**४. आफू आए छेकिने, चन्द्र आए देखिने ।**
**• तारा**

**५. आफू जस्तो त्यस्तै रुप देख्नेलाई पाइने श्रृंगार पटार गर्न पर्दा सबैलाई चाहिने ।**
**• ऐना**

# बाबा



**जेनिशा घलान**

सपना छन् तिम्रा पनि, ती सबै मारेर
परिवारको ईच्छा सबै पूरा गरेर ॥

खै कसरी सक्छौँ, चिन्ता दुःख सबै लुकाउँछौ
घर आउँदा एक गिलास पानीले नै खुसी हुन्छौँ

लाग्दैन डर कसैमा, मेरो शिरमा जब तिम्रो आशीर्वाद हुन्छ
अघि बढ्ने यति हिम्मत हुन्छ, मेरो हातमा जब तिम्रो हात हुन्छ ॥

तिम्रो दुःख बोकेर हिँड्ने छु
त्यो दिन म अति खुसी हुनेछु ॥

जब मिहिनेतले तिम्रो सपना पूरा गरेर म आउनेछु
अनि तिम्रो मुखबाट मैले स्याबास पाउनेछु ॥

अहिले त म सक्दिन, तर महसुस गर्नेछु तब,
जब मेरो केही कमाईले तिम्रो दुई छाक हुन्छ
मेरो ख्याल अनि सेवाले तिम्रो हरेक रोग नाश हुन्छ ॥

*कक्षा-४, ज्ञानदा मावि, हेटौँडा-१०*

# चुनावको मौसम



**निश्चल अधिकारी**

चुनाव आउँछ, सहरदेखि गाउँसम्म हल्ला फैलिन्छ,
झन्डा, पोस्टर, नाराले आकाश नै ढाकिन्छ ।
हिजो नदेखिएका अनुहार आज घरदैलोमा,
"तपाईंकै सेवक हुँ" भनी ढोग्छन् खुट्टा खुट्टामा ।

भाषणमा देश बदल्ने नक्सा पलभरमै कोर्छन्,
गरिबी, भ्रष्टाचार सबै भोलिदेखि पोर्छन् ।
हिजोको दोष अरूमाथि सजिलै थोपर्छन्,
आफ्ना पाँच वर्षका मौनता चाहिँ कसैले सोध्दैनन् ।

चिया पसल, चौतारोमा बहस चर्को हुन्छ,
"योपटक त ठीक होला" भन्ने आशा फेरि टुन्छ ।
भोट हालिन्छ, मसी लाग्छ औँलामा गर्वसाथ,
लोकतन्त्र जितेको अनुभूति एकछिनका लागि साथ ।

चुनाव सकिन्छ, झन्डा झर्छ, सहर फेरि शान्त,
नेता हराउँछन् सिंहदरबारभित्र स्थायी बसन्त ।
जनताका समस्या उस्तै, सडक उस्तै खाल्डा,
वाचा भने अर्को चुनावसम्म सुरक्षित थन्का ।

फेरि पाँच वर्षपछि उही कथा दोहोरिन्छ,
नयाँ अनुहार, पुरानै खेल फेरि सजाइन्छ ।
चुनाव भनेको जनताको पर्व भनिन्छ ठूला स्वरमा,
तर जित सधैँ उही हुन्छ-सत्ताको वरिपरि घुम्नेहरूमा ।

*मकवानपुर बहुमुखी क्याम्पस*
*विए पत्रकारिता प्रथम वर्ष*

# प्रिय साथी बालिका



**सुमन राय**

प्रिय साथी बालिका,
तिम्रो आँखामा सपना छन्,
तर बाटोभरि काँडा पनि,
नथाकी हिँड्ने बानीले तिमी,
आफैं कथा बनिरहेकी छौ ।

घरको जिम्मेवारी काँधमा,
मनमा पुस्तक र भविष्य,
अँध्यारो रात काट्दै,
उज्यालो भोलिको खोजी ।

कतिले भन्यो, 'तिमी सक्दैनौ',
तर तिमी मौन मुस्कान बनायौ,
आँसु पुछेर फेरि उठ्यौ,
र विश्वासलाई बलियो बनायौ ।

लड्दै-उठ्दै बढ्ने तिमी,
हारमा पनि नहार्ने,
संघर्षलाई शिक्षक बनाई,
सपनालाई साथी बनाउने ।

प्रिय साथी बालिका,
एक दिन तिम्रो नामले,
अरू सपनाहरू जन्माउनेछ,
त्यो दिन गर्वले संसार तिमीलाई चिन्नेछ ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर*
*बहुमुखी क्याम्पस, हेटौँडा-२*

# सप्ताको राशिफल

## सताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशिः** खेलकुद र कानुनी क्षेत्रका काममा सरिक भइएला । रिस र घमण्डको पारो कन्ट्रोल गर्दा राम्रो रहन्छ । व्यवहारमा लचिलोपन ल्याउँदा राम्रो रहन्छ । आर्थिक क्षेत्रमा ठिकै छ । बुद्धि र ज्ञानले काममा पूर्णता । धार्मिक एवम् सामाजिक काममा मन जाला । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**वृष राशिः** समय ठिकै छ । भावना र कल्पनामा रमाइएला । अध्ययनमा प्रगति होला । नयाँ ज्ञान प्राप्त हुने र परिश्रमको प्रतिफल पाइने समय छ । कलात्मक क्षेत्र र बैवाहिक योगमा प्रस्ताब आउँला । संझौँता गर्न अनुकूल समय छ । कर्मचारीका लागि बुद्धिको प्रयोग गर्नुपर्ला । पढाई–लेखाई ठिकै देखिन्छ ।

**मिथुन राशिः** परीक्षा प्रतियोगितामा सफलता प्राप्त हुने समय योग छ । आयश्रोत र पदप्रतिष्ठामा वृद्धि होला । व्यापार–व्यवसायमा धन व्यय होला । आफन्तको भावनालाई बुझ्दा राम्रो । प्रेम जीवन ठिकै रहला । घुमघाम र मनोरञ्जनमा समय बित्ला । धार्मिक क्रियाकलापमा समय व्यतित होला ।

**कर्कट राशिः** पारिवारीक वातावरण रमाइलो होला । आत्मविश्वास र दृढ इच्छा शक्तिको वृद्धि होला । भाग्य भागमा चन्द्रमा रहेकाले लाभ होला । पेशामा प्रतिष्ठा प्राप्त होला । कामप्रति समर्पण होला । धार्मिक एवम् सामाजिक गतिविधिमा मन जाला । पढाई–लेखाई ठिकै रहने समय योग देखिन्छ ।

**सिंह राशिः** मानसम्मान बढ्ला । भौतिक सुखले सताउने समय छ । हाँके/ताकेका कामबाट उपलब्धि प्राप्त होला । महत्वकांक्षा बढ्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक छ । सेवाग्राहीको आलोचना खेप्नुपर्ला । बोली र व्यवहारमा नम्रता अपनाउनु पर्ला । धार्मिक र पढाई लेखाई ठिकै छ ।

**कन्या राशिः** आन्तरिक प्रतिभाको प्रयोगले मान सम्मान । मानसिक चिन्ता बढ्ला । कलात्मक र भावनात्मक क्षेत्र सफल देखिन्छ । स्वार्थका कारण असत्य बाटो नसमाउदा राम्रो हुन्छ । महत्वकांक्षा बढ्ला । काममा आत्मविश्वास बढ्ला । घरायसी र व्यवहारिक काममा मन जाला । धार्मिक कार्यमा सरिक भइने छ ।

**तुला राशिः** लेनदेनका काममा सतर्कता अपनाउदा राम्रो रहन्छ । नयाँ लगानीमा सोचेर कदम चाल्दा राम्रो रहन्छ । गाप्य शत्रुबाट बच्दा राम्रो । धनमालको सतर्कता अपनाउँनु पर्ला । मन पिरोलिने समय छ । व्ययभार बढ्न सक्छ । स्वास्थ्यमा कमजोरी होला । सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ ।

**वृश्चिक राशिः** सामाजिक उत्तरदायित्व बढ्ला । मानसम्मान र प्रतिष्ठामा वृद्धि हुनेछ । नयाँ काम र जिम्मेवारी प्राप्त होला । धार्मिक र परोपकारजन्य काममा समय बित्ला । व्यक्तित्व विकास होला । व्यापार–व्यवसाय ठिकै छ । आँट र हिम्मतले काम गर्नुपर्ला । पढाई–लेखाई ठिकै रहने समय योग छ ।

**धनु राशिः** प्रतियोगिता र प्रतिस्पर्धामा विजय प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । आत्मविश्वास र दृढतामा वृद्धि होला । पुरस्कार र सम्मान प्राप्त होला । आपसी सम्बन्धमा राम्रो रहला । ठूलाको आशीर्वादले काम बन्ने छ । मनोभाव र विचारको कदर होला । पढाई–लेखाई ठिकै देखिन्छ ।

**मकर राशिः** जिद्धीपन त्याग गर्दा राम्रो । पारिश्रमिक हात पर्ला । सेवामूलक कामबाट लाभ हुनेछ । सहयोगीको भावना बुझ्दा राम्रो । चुनौतीसँग लडिने छ । व्यापार–व्यवसाय ठिकै देखिन्छ । वैकल्पिक व्यापार–व्यवसायमा मन जाला । धार्मिक यात्रा र सामाजिक एवम् परोपकारमा मनजाला । पढाई ठिकै देखिन्छ ।

**कुम्भ राशिः** स्वास्थ्य स्थिति कमजोर रहला । खानपानमा अरुची बढ्ला । कार्यक्षेत्रमा मन जाला । लिखित कागजमा बिचार पुऱ्याएर मात्र काम गर्नुपर्ला । रमणीय यात्रा र भेटघाट हुनेछ । कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्ला । प्रेम सम्बन्धमा खुकुलोपन बढ्ला । पढाई–लेखाई र धार्मिक यात्रामा सरिक भइने छ ।

**मीन राशिः** आत्मीय मित्रसँग भावना साटासाट होला । आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । मिष्ठान्न भोजन पाइएला । उन्नति प्रगति होला । पुरानो समस्या समाधान होला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । पढाई–लेखाई ठिकै रहने समय छ । धार्मिक कृत्यमा सरिक भइएला ।

# गजल



**नवशिला**

हामी दुईले गर्ने उस्तै भूल किन फरक
तिमीले मैले तर्ने उस्तै पुल किन फरक ?

उस्तै बास्ना छर्ने हामी जात पनि उस्तै
एउटै बगानामा फुल्ने फूल किन फरक ?

उस्तै छाँगा छहरा हौं बहाव हाम्रो उस्तै
जरुवा भई उम्रने त्यो मूल किन फरक ?

सँगै आयौं बसाइँसरी एउटै झुण्ड बनी
भन्नुस् न अहिले हाम्रो हुल किन फरक ?

उत्पत्तिको स्रोत एउटै जात, धर्म उही
किन भयौं विभाजित कुल किन फरक ?

*बेलबारी-२, नवदेव मार्ग, लालभित्ती, मोरङ*

# मेरो विद्यालय



**मनिस हुमागाई**

हेटौँडा-१८ दोभानचौर भन्ने ठाउँ
श्री कमला आभारभूत मेरो विद्यालयको नाउँ
वरिपरी पक्की भवन बीचमा वरको रुख
विद्यालयले बस हालेको छ छैन हिँड्न दुःख ॥

राम्रो पढाई लेखाई हुन्छ अंग्रेजी माध्यमबाट
पिजीदेखि पढाई हुन्छ कक्षा आठसम्म
शिक्षक शिक्षिका असल हुनुहुन्छ पढाई पनि राम्रो
भविष्यको राम्रो विद्यार्थी बनाउने विद्यालय हाम्रो ॥

तीन सय पचास विद्यार्थी संख्या सोह्र शिक्षक शिक्षिका
कति राम्रो पढाई कमलाको, भन्छन् साथी भेटेका
वरिपरी शान्त वातावरण शुद्ध पनि खाजा
सबैभन्दा राम्रो बनेको छ विद्यालय आज ॥

*कक्षा-५, कमला आधारभूत विद्यालय, हेटौँडा-१८*

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी.खोप सञ्चालन सम्बन्धी जनहितमा जारी सन्देश !!!

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि माघ २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप संचालन हुँदैछ । उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैंछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप संचालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लेखित मितिमा खोप लगाउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरु र विद्यालय नजाने १० वर्षका किशोरीहरुका लागि फागुन ६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी खोप लगाइदैंछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयम्सेविकाहरुसँग सम्पर्क राखौं वा निःशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं ।

**जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**



❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

## सूचना !! सूचना !! सूचना !!

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालयको पहलमा वडा नं. १० भित्र रहेका सरकारी, निजी, मठ–मन्दिर, संघ–संस्था तथा व्यक्ति समेतका सम्पूर्ण जग्गाहरुको क्षेत्रफल नाप नक्सा सम्बन्धी साविक कार्य केही महिना अघि देखि नापजाँच गरी सम्पन्न भएको व्यवहोरा सर्व विदित्तै रहेको अवगत गराइन्छ । यसै सन्दर्भमा भूँमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत नापी विभाग, नापी कार्यालय मकवानपुर, हेटौंडाको पत्र संख्या २०८२/२०८३, चलानी नं. ४२, मिति २०८२/१०/२२ गते प्राप्त पत्रानुसार जग्गाहरुको क्षेत्रफल लगायत नक्साङ्कनमा उल्लेख भएका कित्ताहरु यकिन गर्नुपर्ने भएको हुँदा उक्त कार्यका लागि यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिमका कागजातहरु वडा नं. १० कार्यालयमा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं ।

**तपसिल :**
१. जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपी ।
२. सम्बन्धित जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्पर्क नम्बर
४. टोलविकास संस्था (क्षेत्रको) नाम ।

**१० नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता

# मकवानपुरमा दोस्रो चरणको खेलाडी छनोट सुरु



दोस्रो चरणको छनोटमा सहभागी खेलाडीहरु ।

समाज संवाददाता

हेटौंडा : प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ का लागि दोस्रो चरणको मकवानपुर जिल्लास्तरीय पुरुष खेलाडी छनोट प्रक्रिया सुरु भएको छ । शुक्रबारदेखि भरतपुर क्रिकेट मैदानमा दोस्रो चरणको छनोट कार्य सुरु भएको मकवानपुर क्रिकेट संघका सदस्य एवम् कार्यक्रम संयोजक संजोग पोखरेलले जानकारी दिनुभयो ।

पोखरेलका अनुसार प्रारम्भिक छनोटबाट छानिएका २४ जना खेलाडीहरुलाई बन्द प्रक्षिणमा बोलाइएको हो । उनीहरुलाई २ वटा समूहमा बाँडिएको छ । ती दुई समूहको बीचमा शुक्रबार र शनिबार अभ्यास खेल खेलाएर प्रदर्शनको आधारमा उत्कृष्ट १४ जना खेलाडीलाई बागमती प्रदेशस्तरीय छनोटमा पठाइने छ भने ४ जनालाई वैकल्पिक खेलाडीको रुपमा राख्ने पोखरेलले बताउनुभयो ।

बागमती प्रदेशस्तरीय छनोटमा प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरु (मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं) र एउटा त्रिभुवन विश्वविद्यालयको टिम गरी ७ वटा टोलीले प्रतिस्पर्धा गर्नेछ ।

यसअघि क्रिकेट संघ मकवानपुरले यस वर्ष जिल्लास्तरीय छनोटका लागि आवेदन दिएका ५६ जना खेलाडीहरुमध्ये २४ जनालाई पहिलो चरणमा छनोट गरेको हो । प्रारम्भिक चरणको छनोट कार्य माघ ४ गतेदेखि १० गतेसम्म हेटौंडा-४ हुप्रचौरमा भएको थियो ।

# बाल स्वास्थ्य र अधिकारलाई प्राथमिकतामा राख्न आग्रह

समाज संवाददाता

हेटौंडा: नेपाल पेडियाट्रिक सोसाइटीले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा दल र उम्मेदवारहरुलाई घोषणापत्रहरुमा बाल स्वास्थ्य र बालअधिकार सम्बन्धी नीति समावेश गर्न माग गरेको छ । सोसाइटीले नेपालभरका सातै प्रदेशमा सबै दलका घोषणापत्रमा बाल स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गरेको हो ।

बालबालिकाको स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य र विकासलाई राष्ट्र निर्माणको आधारस्तम्भका रूपमा घोषणापत्रले स्वीकार गर्नुपर्नेमा जोड दिइएको नेपाल चिकित्सक संघ मकवानपुरका अध्यक्ष एवम् बालरोग विशेषज्ञ डा. हरिबहादुर खड्काले जानकारी दिनुभयो । सोसाइटीले नेपालका बालबालिकाहरू अझै पनि कुपोषण, रोकथामयोग्य रोग, नवजात तथा शिशु मृत्युदर, मानसिक स्वास्थ्य समस्या, अपाङ्गता, हिंसा, बालविवाह, बालश्रम तथा स्वास्थ्य सेवामा असमान पहुँचजस्ता गम्भीर चुनौतीको सामना गरिरहेको सोसाइटीले जनाएको छ ।

भौगोलिक, सामाजिक र आर्थिक असमानताका कारण दुर्गम क्षेत्र, शहरी गरिब बस्ती, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिका विशेषरूपमा जोखिममा रहेको सोसाइटीको भनाइ छ । मातृ, नवजात, शिशु तथा किशोर स्वास्थ्यमा लगानी बढाउनुपर्ने जनाउँदै नवजात तथा बाल मृत्युदर न्यूनीकरण र किशोर तथा मानसिक स्वास्थ्य सेवाको विस्तारका लागि पर्याप्त सार्वजनिक लगानी गर्ने प्रतिबद्धता माग गरेको हो ।

सोसाइटीले नेपालको दीर्घकालीन सामाजिक, आर्थिक र मानवीय विकास आजका बालबालिकाको स्वास्थ्य, पोषण, स्वास्थ्य वातावरण तथा सफा मानसिक अवस्था र समग्र विकासमा निर्भर रहेको जनाउँदै दल र उम्मेदवारका घोषणापत्रमा बाल स्वास्थ्यलाई प्राथमिकता दिन र निर्वाचनपछि यसको कार्यान्वयनमा जोड दिएको हो । आगामी संसदीय निर्वाचनका लागि राजनीतिक दलहरूले प्रस्तुत गर्ने घोषणापत्रले देशको भविष्यको दिशा तय गर्न सक्ने भएकाले बाल स्वास्थ्य र बाल अधिकारलाई राष्ट्रिय प्राथमिकतामा राखिनु अत्यावश्यक रहेको सोसाइटीले जनाएको छ ।

सोसाइटीको बागमती प्रदेश अध्यक्षसमेत रहनुभएका बालरोग विशेषज्ञ डा. खड्काले अहिलेको अवस्थामा सबै दल र उम्मेदवारहरुले बालस्वास्थ्य तथा अधिकारलाई प्राथमिकता नदिएको जनाउँदै त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभएको छ । नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरि सकेको छ । यस्तै, नेपालको संविधान २०७२ ले बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, सफा हावा, संरक्षण तथा विकासलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । साथै, दिगो विकास लक्ष्य अन्तर्गत नेपालले सन् २०३० सम्म मातृ, नवजात, शिशु तथा पाँच वर्षमुनिका बाल मृत्युदर न्यूनीकरण, कुपोषण अन्त्य र गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । यी सबै हिसाबले पनि बालअधिकार र स्वास्थ्य दलको घोषणापत्रमा समेटिनु पर्ने सोसाइटीको भनाइ छ ।

# वभिन्न घटनामा ५ जना घाइते

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लाका ४ पालिकामा विभिन्न घटनामा ५ जना घाइते भएका छन् । बिहीबार जिल्लाको बकैया, कैलाश, बागमती र हेटौंडामा बिहीबार ५ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पूर्वी मकवानपुरको बकैया गाउँपालिका-१२, ठिंगनमा करेन्ट लागेर एक जना पुरुष घाइते भएका छन् । घाइते हुनेमा बारा जिल्लाको कलैया-१२ का ४५ वर्षीय राजदेव कुसुवाहा रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार दिउँसो ४ बजेर २० मिनेटको समयमा खोर भञ्याङडाँडामा रहेको एनसेलको टावर बनाउन विद्युतको पोलमा चढेर लाईन बनाउँदा करेन्ट लागेको थियो । उनको ठिंगन स्वास्थ्य चौकीमा सामान्य उपचार पश्चात थप उपचारका लागि हेटौंडा अस्पताल हुँदै चितवनस्थित मेडिकल कलेज लगिएको प्रहरीले जानकारी दिएको छ । उनको बायाँ हात मध्यम अवस्थामा जलेको छ ।

कैलाश गाउँपालिका-४, टकुवाक्षेत्रमा भिरबाट लडेर एक महिला घाइते भएकी छिन् । घाइते हुनेमा ३७ वर्षीया सविना थिङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार दिउँसो ४ बजेको समयमा सविना टकुवा जंगलमा घाँस काट्न जान्छु भनी निस्किएकी थिइन् । लामो समयसम्म घर नफर्किए पश्चात उनका श्रीमान् भिमलाल थिङले खोजी गर्ने क्रममा बिहीबार साँझ ५ बजेको समयमा भिरबाट लडेर घाइते अवस्थामा फेला पारेका थिए । घाइते सविनाको हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा-१५ स्थित सयफुट पुल क्षेत्रमा मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते भएका छन् । बिहीबार साँझ ७ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम सडकखण्डमा वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको आरआर ३० एपी ५०९२ नम्बरको मोटरसाइकल तीव्र गतिका कारण अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा मोटरसाइकल चालक भारतको बिहार राज्यका ३० वर्षीय मोहम्मद नसिम र पछाडि सवार उनकी श्रीमती २५ वर्षीया राहत हासमिन घाइते भएका थिए । घाइते दम्पतीको हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनस्थित भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

मकवानपुरको बागमती गाउँपालिका-७ स्थित साततले क्षेत्रमा मोटरसाइकल दुर्घटना हुँदा एक युवक घाइते भएका छन् । बिहीबार राती ९ बजेर ३० मिनेटको समयमा धरान-चतरा सडकखण्डमा हेटौंडा बजारबाट फापरबार तिर्फ जाँदै गरेको बा प्र ०३-००५ प ९३१४ नम्बरको मोटरसाइकल तीव्र गतिका कारण अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा मोटरसाइकल चालक बागमती गाउँपालिका-८ सिम्लेका २६ वर्षीय विकास थापामगर घाइते भएका छन् । विकासलाई उपचारका लागि मकवानपुर सहकारी अस्पताल ल्याएको प्रहरीले जानकारी दिएको छ ।

# मकवानपुर क्याम्पसको वार्षिक खेलकुद सम्पन्न



प्रतियोगिताका विजेता विद्यार्थीलाई ट्रफी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको ४६ औँ वर्षिकोत्सवको अवसरमा आयोजित खेलकुद कार्यक्रम सम्पन्न भएको छ । क्याम्पसमा रहेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) द्वारा आयोजित खेलकुद कार्यक्रम शुक्रबार सम्पन्न भएको हो ।

स्ववियुले माघ १२ गतेदेखि सप्ताहव्यापी विभिन्न खेलहरु आयोजना गरेको स्ववियु अध्यक्ष प्रसिद्ध रेग्मीले बताउनु भयो । खेलकुद कार्यक्रमअन्तर्गत स्ववियुले भलिबल, गायन, नृत्य चेस, फुटबल, हाजिरीजवाफ, क्रिकेट, बास्केटबल, डोरी तान्ने, दौड लगायतका प्रतियोगिताहरु आयोजना गरेको थियो । प्रतियोगितामा क्याम्पसमा अध्ययनरत कक्षा ११ देखि स्नातक तहसम्मका विभिन्न संकायका विद्यार्थीको सहभागिता रहेको थियो ।

प्रतियोगिताका विजेताहरुलाई शुक्रबार समापन समारोहमा ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिएको छ । विजेता टोलीले १ वर्षका लागि अर्थात अर्को विजेता नआएसम्म क्याम्पसको आधिकारिक टिमको मान्यता पाएको र विभिन्न खेल प्रतियोगितामा क्याम्पसको प्रतिनिधित्व गर्दै सहभागी हुने अध्यक्ष रेग्मीले बताउनु भयो । स्ववियु अध्यक्ष रेग्मीको सभाध्यक्षता तथा क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्त पौडेलको प्रमुख आतिथ्यमा भएको समापन कार्यक्रममा क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल, सहायक क्याम्पस प्रमुख, प्राध्यापकको उपस्थिति रहेको थियो ।

# झरनाको साहित्यिक शृंखला सम्पन्न

समाज संवाददाता

हेटौंडा : झरना साहित्यिक पारिवारको ३२३औं साहित्यिक शृंखला अन्तर्गत बकैया-४ स्थित महेन्द्र माविमा कविता प्रशिक्षण कार्यक्रम भएको छ । झरना साहित्यिक परिवार मकवानपुरकी अध्यक्ष गायत्री रुपाखेतीको सभाध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक खेम विकको प्रमूख आतिथ्यमा शुक्रबार सम्पन्न कार्यक्रममा झरनाका पूर्वअध्यक्ष उद्धवप्रसाद सापकोटाको आतिथ्य रहेको थियो ।

प्रशिक्षण कार्यक्रममा महेन्द्र मावि, बुद्ध मावि, प्रभात मावि, जनक मावि, माटोकोरी आधारभूत विद्यालय, गीतवर आधारभूत विद्यालय र बाघभैरव आधारभूत विद्यालयसहित ८ वटा विद्यालयका १२० भन्दा बढी विद्यार्थी र शिक्षकको सहभागिता रहेको रहेको थियो । लोकलय सम्बन्धी प्रशिक्षण कार्यक्रममा कवि पुरुषोत्तम आचार्यले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रम बकैया-७, अधेरी स्थायी घर भई हाल वैदेशिक रोजगारीमा रहनु भएका समीर भुजेलको प्रायोजनमा प्रशिक्षण कार्यक्रम भएको हो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

PROFESSIONAL
BARISTA·BAR·SUSHI
TRAINING
Free Waiter Training in Every Course
Join the Italian Barista Bar Academy
Hetauda -04, School Road
Call: +977-9802944001 / 9822249969



सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
जिल्ला हुलाक कार्यालय
मकवानपुर

"घरघरमा हुलाक, मनमनमा हुलाक"

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**

यो सेवा अन्तरर्गत साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**

- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
- चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपप्लन को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**

- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**

- नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा

द्रुत डाँक सेवा (Express mail service EMS)

- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरर्गतका सेवाहरू)**

१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (अबदभि) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण ।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ